नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं वैशाख १२ गते २०१२ साल

भाग २

अर्थमन्त्रालय (आय–विभाग) को

सूचना

फु ३ पु. प्र. ३३१ ६।१।०१२

२०११।८।२५।६ का दिन भएको मन्त्रिमण्डल बैठकको निर्णयानुसार नारायणीदेखि पूर्व, नेपाल तराईको अनाज निकासी बन्द गर्ने भनी धान, चामल, मकै, कोदो, तोरी, रहर, खेसरी आदि खाद्यान्न निकासी गर्न प्रतिबन्ध लगाइएको हो तापनि अन्न निकासीमा लागेको रोक हटाई आजैका मितिदेखि साबिकमा चलिरहेको निकासी महसूल तिरी निकासी गर्न दिने भन्ने २०१२।१।५।२ मा निर्णय भएकोले सर्वसाधारणलाई थाहा होस् भन्नानिमित्त यो सूचना प्रकाश गरिएको छ ।

(३३१)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धित बजार, भन्सार गोस्वारा तथा अरु अड्डाहरूले यसै विज्ञप्तिलाई आदेश मानी जो लाग्ने महसुल लिई साबिकबमोजिम अन्न निकासी गर्न दिनु-होला। रीतपूर्वकको आदेश पछि पठाइनेछ।

आज्ञाले—
चूडानन्द वैद्य,
का. मु. सेक्रेटरी— अर्थमन्त्रालय.

अर्थमन्त्रालय (आय—विभाग) को सूचना

११। गृ. वि. ६८। ८४४२

६।१।०१२

उपत्यकाको घरेलु उद्योगलाई प्रोत्साहन दिनाको निमित्त विदेशबाट काठमाडौं उपत्यकामा पैठारी हुने फेन्सी छातामा लाग्ने सयकडा २५ पच्चीस भन्सार महसुल लिने भन्ने निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले—
चूडानन्द वैद्य,
का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

(३३२)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।